नेपाल सरकार

# संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सूचना तथा विद्युतीय शासन शाखा

फोन:- ०१-४२००३०९

पत्र संख्या:- २०७३।७४

चलानी नं:- १२८

सिंहदरबार, काठमाण्डौ ।

**मिति:- २०७४/१/२९**

श्री महाशाखा/शाखाहरु (सबै)

सं.मा. तथा स्थानीय विकास मन्त्रालय,

विभागहरु (सबै)

आयोग/प्रतिष्ठान/समिति/आयोजना/कार्यक्रम (सबै)

जिल्ला समन्वय समितिको कार्यालयहरु (सबै)

महा/उपमहा/नगरपालिका/गाउँपालिकाको कार्यालयहरु (सबै)

**विषय: विद्युतीय शासन (e-governance) सम्बन्धमा ।**

प्रस्तुत बिषयमा विद्युतीय शासन मार्फत सुशासनको प्रत्याभूति दिनका लागि देहायबमोजिम गर्नु गराउनु हुन नेपाल सरकार (मा. राज्यमन्त्री स्तर) को मिति २०७४।१।२९ को निर्णयानुसार अनुरोध छ ।

१. सबै स्थानीय तह तथा यस मन्त्रालय, अन्तर्गतका विभाग, समिति, आयोग, प्रतिष्ठानहरुले सरकारी कामको सिलसिलामा अनिवार्य रुपमा सरकारी इमेलको प्रयोग गर्ने गराउने साथै सरकारी कामकाजको सिलसिलामा व्यक्तिगत इमेलको प्रयोग नगर्ने व्यवस्था यथाशीघ्र मिलाउने ।

२. विद्युतीय हाजिरी (e-attendance) लागू नगरेका सबै स्थानीय तहले आगामी २०७४।४।१ देखि अनिवार्य रुपमा विद्युतीय हाजिरीको व्यवस्था गर्ने । साथै सो को साप्ताहिक अनुगमन गरी कार्यालयको मासिक बैठकमा छलफल गर्ने । कार्यालय समयमा सरकारी कामको सिलसिलामा कार्यालय बाहिर जानु परेमा लगबूकमा जनाई मात्र जाने र कुनै कर्मचारी बिदामा बसेको अवस्थामा कार्यालयको काम नरोकिने व्यवस्था मिलाउने ।

**(मदन कोइराला)**

**उपसचिव**